# रूपनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रूपनी, सप्तरी
प्रदेश नं. २, नेपाल
☎ ०३१-४५००३५
☎ ०३१-४५००८६

## स -शुल्क जग्गा प्राप्त गर्ने सम्बन्धि सार्वजनिक सुचना

<u>तेस्रो पटक प्रकाशित मिति २०७६।१२/०४</u>

प्रस्तुत विषयमा यस गाँउपालिका अन्तर्गत रहेका तेरहौता स्वास्थ्य चौकी रुपनी-६ मा हाल बर्थिङ्ग सेन्टर सञ्चालन भई रहेकोमा सोका लागि पर्याप्त जग्गा र भौतिक संरचना समेत नरहेकोले नेपाल सरकारले तोके बमोजिमको मापदण्डमा स्वास्थ्य चौकी भवन निर्माण गर्न आवश्यक प्रकृया अगाडी बढाउन गाँउ कार्यपालिकाको मिति २०७६/११।२९ गतेको स -शुल्क जग्गा प्राप्त गर्न सार्वजनिक सूचना आह्वान गर्ने निर्णय भए बमोजिम तेरहौता स्वास्थ्य चौकी रुपनी का नाममा स -शुल्क जग्गा दिन इच्छुक व्यक्ति या संस्थाले <u>सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र गाँउपालिकाको कार्यालय रुपनी वा ६ नं वडा कार्यालय तेरहौतामा</u> तपसिल बमोजिम कागाजात सहित निवेदन पेश गर्नु हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>१. आवश्यक कागजातहरु :</u>

(क) जग्गाधनीको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।

(ख) जग्गाधनी प्रमाण-पत्रको प्रतिलिपि ।

(ग) चालु आ.व. मा मालपोत बुझाएको प्रमाणको प्रतिलिपि ।

(घ) जग्गाको नक्सा।

(ङ) जग्गा उपलब्ध गराउन सकिने मूल्य प्रति कठ्ठा दर र जम्मा एक मुष्ट मूल्य ।

<u>२. जग्गाको विवरण :</u>

(क) क्षेत्रफल : न्युनतम् ७ (सात) कठ्ठा वा सो भन्दा माथी ।

(ख) क्षेत्र : <u>रुपनी गा.पा. ६ नं वडा कार्यालयबाट ५०० मी. बरीपरी, रुपनी ६ विरेन्द्र बजार पश्चिम महेन्द्र राजमार्गबाट दक्षिण तर्फ ५०० मि. रुपनी ६ बिरेन्द्र बजार पश्चिम महेन्द्र राजमार्गबाट उत्तर तर्फ ३०० मी. र विरेन्द्र बजारबाट दक्षिण जाने मुख्य सडकको दाया बाँया ३०० मी. सम्मको क्षेत्र भित्र रहेका हाल मुद्दा तथा विवादित नरहेका जग्गा</u> ।

<u>३. थप जानकारीका लागि सम्पर्क</u> : रुपनी गाउँपालिकाको फोन न ०३१४५००३५, गाउँपालिका अध्यक्ष मोवायल ९८५२८२१०३४, वडा अध्यक्ष मोवाईल ९८२५७६१९६८

नोट : निशुल्क जग्गा प्रदान गर्ने व्यक्ति/संस्थालाई रुपनी गाउँपालिकाबाट उचित सम्मान गरिने छ।

१/१२/१८

ललन कुमार यादव
(प्रमुख प्रशासकीय अधिकृत)

ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत